# संविधान सभा महिला सभासद् समूहद्वारा प्रस्तुत अवधारणापत्र

## १. पृष्टभूमि

मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ भएका हरेक राजनीतिक क्रन्ति र आन्दोलनमा महिलाहरुले पुऱ्याएको योगदानको स्मरण गर्दै आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्न, संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीको मर्मअनुरुप राज्यको अग्रगामी पुनर्संरचनामा सघाउ पुऱ्याउन, विद्यमान लैङ्गिक असमानता हटाई न्याय र समानतामा आधारित समतामूलक समाज निर्माण गर्न, महिलाको साझा सवालमा आपसी सद्भाव र समझदारी कायम गर्दै नयाँ संविधानमा लैङ्गिक हक अधिकारको सवाललाई सुनिश्चत गर्न सामूहिक रुपले क्रियाशील रही राज्यको राजनीतिक, आर्थिक, सामाजिक लगायत सबै क्षेत्रमा महिलाहरुको भूमिकालाई प्रभावकारी बनाउन संविधान सभाका महिला सदस्यहरुको समूह गठन गरिएको हो । संविधान सभामा १९७ महिला सभासद्हरुको उपस्थिति सिंगो डेढकरोड महिलाहरुको प्रतिनिधिको रुपमा भएको हो । त्यसकारण नेपाली महिलाहरुले आजसम्म खेपीरहेको आथिक, राजनैतिक, सामाजिक, साँस्कृतिक, धार्मिक लगायतका सम्पूर्ण विभेद र शोषणहरुको समूल नष्टगरी नयाँ नेपालमा महिलको स्थान समानतापूर्ण, प्रतिष्ठित एवं मर्यादित हुनु आवश्यक छ । विगतका अन्य संविधानहरु लगायत २०४७ सालमा बनेको संविधानमा समेत महिलालाई कुनै विभेद नगरिने कुरा उल्लेख भएको भएतापनि ती संविधानहरु लागू रहेको अवस्थामा नै विभेदपूर्ण कानूनहरु निरन्तर लागूरहेको तथा विभिन्न विभेदकारी प्रथा, प्रचलन तथा व्यवहारले निरन्तरता पाएको हुँदा भावी संविधानमा लैङ्गिक समस्याहरुको गहिरो पहिचान गरी कसरी सबै समस्या समाधान गर्न सकिन्छ भन्ने विषयमा खोजगरी नयाँ संविधानमा समानता, स्वतन्त्रता, न्याय तथा आत्मसम्मानको सिद्धान्तको आधारमा लैङ्गिक रुपमा सबै अधिकारहरु तथा सुरक्षाको प्रत्याभूति गराउनु सम्पूर्ण महिला प्रतिनिधि सभासद्हरुको महत्वपूर्ण कर्तव्य भएको तथा मुलुक संविधान सभा मार्फत देशको संविधान निर्माण गर्ने अत्यन्तै महत्वपूर्ण घडीमा रहेको अवस्थामा यो समूहले संविधानमा समावेश गर्नुपर्ने लैङ्गिक सवालहरुलाई अवधारणागत रुपमा स्पष्ट गरी संविधान सभामा पेश गर्ने तथा यी विषयलाई नयाँ संविधानमा समावेश गर्ने कुराको सुनिश्चितताको लागि सशक्त रुपमा काम गर्नुपर्ने अवस्था रहेकोले यो अवधारणा पत्र तयार गरिएको छ ।

## २. संविधान सभामा महिलाहरुको उपस्थिति

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ७, धारा ६३ बमोजिम नेपाली जनता आफैंले राज्यको नयाँ संविधान निर्माण गर्न ६०१ सदस्यीय संविधान सभाको गठन हुने व्यवस्था गरेबमोजिम संविधान सभाको गठन भई हाल संविधान सभा संविधान निर्माणको कार्यमा व्यस्त रहेकोछ । संविधान सभाको गठन प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाको दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित सदस्य संख्या-२४०, समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित सदस्य संख्या-३३५ र मन्त्रिपरिषदबाट मनोनित सदस्य २६ जना गरी जम्मा संख्या ६०१ रहेको छ । उक्त संख्यामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित सदस्य संख्या-३०, समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित सदस्य संख्या-१६१ र मन्त्रिपरिषद्बाट मनोनित सदस्य ६ जना गरी जम्मा १९७ महिला सभासदको संख्या कामय रहेको छ । प्रतिनिधित्वको हिसावले यो संख्या कुल संख्याको ३२.७८ प्रतिशत हुन आउँछ । राजनैतिक दलको प्रतिनिधित्वको हिसावले यो

संख्याले १९ वटा राजनैतिक दलको प्रतिनित्व गरेको छ । यो संख्या संविधान सभामा आफ्नो प्रभावकारी उपस्थिति तथा प्रभाव देखाउन सक्षम छ ।

## ३. महिला अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरु

विश्व समुदायले समुहिक प्रयासमा विभिन्न अन्तर्राष्ट्रिय कानूनहरुको निर्माण गरिरहेको छ । दुईपक्षीय, बहुपक्षीय, क्षेत्रीय तथा विश्वव्यापी रुपमा यस्ता कानून बन्ने प्रक्रिया निरन्तर छ । मुख्यतः संयुक्त राष्ट्र संघको अगुवाईमा विभिन्न बडापत्र, घोषणापत्र, सन्धि, अनुबन्ध, उपलेख, निर्देशक सिद्धान्त आदिको निर्माण भएको छ । यी सबै दस्तवेजहरुले समग्रमा अन्तर्राष्ट्रिय कानूनको भुमिका निर्वाह गर्दछन् । तिनले आफ्नो विषयबस्तुमा एउटा अन्तर्राष्ट्रिय स्तर वा मापदण्ड तयार गरेको हुन्छन् । महिला अधिकार मानव अधिकारको सोझो सरोकारको विषय भएको हुँदा यस सन्दर्भमा विभिन्न अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणापत्र तथा सन्धिहरुको निर्माण भएको पाइन्छ । यी अन्तर्राष्ट्रिय दस्तावेजहरुले महिला अधिकारका विभिन्न पक्षहरुलाई आफ्नो विषयबस्तु बनाई स्पष्ट अन्तर्राष्ट्रिय मापदण्ड तयार गरेको अवस्था छ र यस्ता दस्तावेजहरुले घोषणा एवम् प्रत्याभूत गरेका अधिकारहरुलाई राष्ट्रिय कानून मूलतः संविधानले नै स्वीकार गर्नुपर्दछ । यस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरु निम्नानुसार रहेका छन् ।

- मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ (Universal Declaration of Human Rights, 1948)
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International Covenant on Economic, Social and Cultural Rights)
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International Covenant on Civil and Political Rights, 1966)
- जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९ (Convention for the Suppression of the Traffic in Persons and of the Exploitation of the Others, 1949)
- महिलाहरुको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९५२ (Convention on the Political Rights of Women 1952)
- महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी घोषणापत्र, (UN Declaration on the Elimination of All Forms of Discrimination Against Women,)
- महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ (Convention on the Elimination of All Forms of Discrimination Against Women, 1979)
- महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको स्वेच्छिक आलेख, २००० (Optional Protocol to the Convention on the Elimination of Discrimination Against Women, 2000)
- शिक्षामा भेदभाव विरुद्धको यूनेस्को महासन्धि, १९६० (The UNESCO Convention against Discrimination in Education)
- वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने तथा सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि, (SAARC Convention on Preventing and Combating Trafficking in Women and Children for Prostitution)

## ४. भावी संविधानमा समावेश गरिनुपर्ने अधिकारहरु

भावी संविधानमा सम्पूर्ण नेपाली महिलाहरूलाई सारभूत रुपमा सम्मानजनक स्थानको सुनिश्चितता गरिनु पर्दछ । यसका लागि समानताको सिद्धान्त, सारभूत समानताको सिद्धान्त, अन्तर्राष्ट्रिय मापदण्डहरुको परिपालना गर्दै विशेष अधिकार समेतको स्पष्ट व्यवस्था गरी सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक रुपमा रहेको उत्पीडन र विभेदको अन्त्य गर्दै जीवनको हरेक क्षेत्र र तहमा समानुपातिक समावेशी लैङ्गिक समानता र सामाजिक न्याय सहितको अधिकारलाई आत्मसात गरी संवैधानिक सुनिश्चितता हुनुपर्दछ । यसका लागि नयाँ संविधानले महिलाहरुको जीवनमा प्रभाव पार्ने तथा विश्वव्यपी रुपमा समेत स्वीकार गरिएका निम्नलिखित अधिकारका विषयबस्तुलाई सम्बन्धित समितिहरुले स्पष्ट रुपमा संवैधानिक सुनिश्चितताको व्यवस्था गर्नु पर्दछ :

### १. संवैधानिक समिति

- प्रस्तावनामा "..... समानता, स्वतन्त्रता, न्याय तथा आत्मसम्मानको सिद्धान्त अनुसार समाजमा विद्यमान लैङ्गिक असमानताको पूर्ण अन्त्य गर्दै, ......महिला विरुद्धका सम्पूर्ण शोषण, दमन, विभेद र हिंसाको पूर्ण अन्त्य गर्दै ......स्वभिमान, उच्चसम्मान तथा मर्यादाकासाथ महिलाको बाँच्नपाउने अधिकारको प्रत्याभूति गर्दै.......... महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिलाई आधार मान्दै......समन्यायी राज्य......" समेत रहने गरी व्यवस्था गर्नुपर्ने,
- अन्य विषयगत समितिको कार्यक्षेत्र भित्र नपरेका विषयमा संवैधानिक व्यवस्था गर्दा लैङ्गिक हक अधिकार तथा विशेष संरक्षणका व्यवस्थालाई संवैधानिक सुनिश्चितता प्रदान गर्ने,
- संविधानमा लैङ्गक विभेद व्यक्त हुने भाषाको प्रयोग नगरी भाषामा लैङ्गिक तटस्थता कायम हुने (जस्तै : राष्ट्रपतिको ठाउँमा राष्ट्राध्यक्ष, सभापतिको ठाउँमा सभाध्यक्ष, सेनापतिको सेनाप्रमूख) भाषा, शब्द प्रयोग हुनुपर्ने,
- संवैधानिक सर्वोच्चतामा कानुन, व्यवहार र प्रथा परम्परा संविधानसँग बाझिएमा खारेज हुने व्यवस्थाको सुनिश्चितता गर्नुपर्ने ।
- सरकारी कागजात लगायत सम्पूर्ण सार्वजिनक क्षेत्रमा प्रयोग हुने लिखतमा बाबुको नाम लेख्नुपर्ने स्थानमा लैङ्गिक विभेद नहुने गरी बाबुआमाको नाम लेख्नुपर्ने व्यवस्था हुनुपर्ने ।

### २. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्रभित्र पर्ने निम्नानुसाका विषयलाई निम्नानुसार समावेश गर्नु पर्नेः-

#### २.१. मौलिक हक

संविधानमा महिलासम्बन्धी हकलाई छुट्टै मौलिक हकको रुपमा व्यवस्था गरी मौलिक हकभित्र पर्ने निम्न बमोजिमका हकहरुलाई मौलिक हकको रुपमा सुनिश्चित गर्नेः

- महिला भएकै कारणबाट कुनै पनि कसिमको भेदभाव नगरिने ।
- राज्यसत्ताको हरेक अंग तथा निकायमा विशेषाधिकार सहित जनसंख्याको आधारमा समानुपातिक सहभागिता सुनिश्चित गर्ने ।
- पैतृक (आमा, बाबुबाटप्राप्त) संपत्तिमा छोरा र छोरीलाई समान अधिकार हुने तथा यस्तो अधिकारको कार्यान्वयनमा बाधा गर्नेलाई जरिवाना गर्ने व्यवस्था हुने ।
- महिलालाई वंशको अधिकार हुने ।

- न्यायको अधिकारलाई सुनिश्चित गर्ने तथा न्यायको सहज पहुँच राज्यको दायित्व अन्तर्गत रहने व्यवस्था गर्ने ।
- समानताको सुनिश्चित गर्दा अवसर, पहुँच र नियन्त्रण तथा परिणाममुखी समताको प्रत्याभूति गरिनु पर्ने ।
- महिलाले अनुभूत गरेका बहुपक्षीय विभेदलाई स्वीकार गरी विशेष उपाय अवलम्बन गर्दै समानताको सुनिश्चितता गर्नुपर्ने, यसको लागि न्यायोचित विभेद गर्न पाउने अधिकार संविधानले नै सुनिश्चित गर्नुपर्ने ।
- महिलाहरुको प्रजनन्स्वास्थ्यको अधिकारको संरक्षण गर्ने ।
- यौनिक स्वास्थ्य अधिकारको सुनिश्चित गर्ने ।
- धर्मनिरपेक्षताको अधिकारभित्र धर्मको नाममा विभेद गर्ने वा हिंसा गर्ने कार्य रोक्नुपर्ने व्यवस्था राख्नु पर्ने ।
- प्रथा परम्पराको नाममा हुने हिंसाविरुद्धको अधिकार सुनिश्चित गर्नुपर्ने ।
- बहुपतिप्रथा तथा बहुविवाहलाई निषेधित गरी दण्डनीय बनाउने ।
- महिलामाथि कुनै पनि प्रकारको शारीरिक तथा मानसिक हिंसा नगरिने तथा यस्तो कार्यलाई दण्डनीय बनाइने तथा पीडित न्याय प्रणालीको आधारमा पीडितलाई क्षतिपूर्तिको सुनिश्चित गर्ने ।
- महिला र पुरुषकाबीचमा समान कामका लागि समान ज्याला वा पारिश्रमिकको व्यवस्थाको सुनिश्चित गर्ने ।
- महिलालाई भूमिको अधिकारको सुनिश्चित गर्ने ।
- मातृत्वको अधिकारलाई सुनिश्चित गर्ने ।
- गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको अधिकार प्रत्याभूत गर्न राज्यको दायित्व हुने सुनिश्चित गर्ने ।
- महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिलाई आधार मान्दै महिलाका मानव अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गर्ने ।
- कुनैपनि सांस्कृतिक वा धार्मिक कुप्रथाको आधारमा हुने महिलामाथि हुने लैङ्गिक छुवाछुत लगायत सबै प्रकारका विभेद एवम्  उत्पीडनलाई निषेधित गरी दण्डनीय हुने व्यवस्था गर्ने ।
- निश्चित तहसम्म शिक्षालाई अनिवार्य गरी महिलाहरुलाई निःशुल्क स्नातक तहसम्मको शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने ।
- आर्थिक रुपले विपन्न क्षेत्रीय, जातीय, धार्मिक, साँस्कृतिक तथा सामाजिक रुपले समेत पछाडि पारिएका महिलाहरुलाई विशेष संरक्षणको व्यवस्था हुनुपर्ने ।
- महिलालाई संवैधानिक रुपमा प्रत्याभूत गरिएका सबै अधिकारहरुको सारभूत रुपमा व्यवहारिक कार्यान्वयनको प्रत्याभूतिका लागि श्रोत र साधनसम्पन्न स्वतन्त्र तथा प्रभावकारी संवैधानिक संयन्त्रको व्यवस्था गर्ने ।
- संवैधानिक रुपमा व्यवस्था गरिएका अधिकारलाई कार्यान्वयनका लागि सुनिश्चत गर्न निर्माण गरिनुपर्ने कानूनहरुको सूची संविधानमा नै उल्लेख गरी संविधान निर्माण भएको निश्चित अवधिभित्र निर्माण गरिसक्नुपर्ने स्पष्ट व्यवस्था गर्ने ।

## २.२. नागरिकता :

- नागरिकता प्राप्त गर्ने सम्बन्धमा महिला र पुरुषलाई समान अधिकार प्रदान गर्ने,
- कुनै पनि सन्तानले वंशजको आधारमा आमा वा बाबुको नामबाट स्वच्छिक रुपमा नागरिकता लिनपाउँने व्यवस्था गर्ने ।
- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गर्ने विदेशी नागरिकले आफ्नो देशको नागरिकता त्यागेमा वैवाहिक सम्बन्धको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने,

## २.३. राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु

संविधानमा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरुमा निम्न दायित्व, सिद्धान्त तथा नीतिलाई सुनिश्चित गर्ने:

### २.३.१. राज्यको दायित्व

- संविधान तथा प्रचलित कानूनमा व्यवस्था भएका लैङ्गिक हक अधिकारको कार्यान्वयन सुनिश्चित गरी पूर्णसुरक्षाको प्रत्याभूति गर्ने दायित्व राज्यको हुनेछ ।
- महिलाहरुको सामाजिक सुरक्षालाई सुनिश्चित गर्दै विदेशमा बेचिएका, यौन व्यवसायमा लाग्न बाध्य बनाइएका वा आफ्नो इच्छा विपरित काम गर्न बाध्य बनाइएका महिलाहरुलाई उद्धार गर्ने र जीवन यापनको सुनिश्चितता गर्ने दायित्व राज्यको हुने ।
- बाल श्रमलाई निषेधित गर्ने तथा बालश्रममा संलग्न बालबालिकाको हेरचाह, शिक्षा, स्वस्थ्य लगायतका सबै दायित्व राज्यको हुने ।

### २.३.२. राज्यको निर्देशक सिद्धान्त

- राज्यले पुरुष र महिला समान नागरिक हुने सिद्धान्त अवलम्वन गर्ने ।
- महिलाले निर्वाह गरेका सृष्टी, श्रम तथ सिर्जनाको महत्वपूर्ण भूमिकालाई राज्यले मुल्यांकन गर्ने ।
- राज्यका कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, अन्य संवैधानिक अंगहरु लागायत सबै निकायमा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्ने ।
- लैङ्गिक रुपमा हुने सबै प्रकारका हिंसालाई अन्त्य गर्ने सिद्धान्त अवलम्बन गर्ने ।

### २.३.३. राज्यको नीति

- महिलाका विशेष अधिकारका रुपमा उल्लेख भएका शिक्षा, स्वस्थ्य तथा रोजगारीलाई विशेष व्यवस्था गरी प्रवर्द्धन गर्ने राज्यको नीति हुने ।
- महिलाको प्रथम अधिकारमा उल्लेख भएका अंश, वंश र समनुपातिक सहभागितालाई सुनिश्चित गर्ने राज्यको नीति हुने ।
- महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिमा व्यवस्था भएका अधिकार तथा व्यवस्थाहरुलाई लागू गर्ने नीति हुने ।
- प्रजनन् स्वास्थ्य निशुल्क गर्न राज्यले सम्पूर्ण दायित्व वहन गर्ने नीति हुने ।
- जीउमास्ने बेच्ने तथा चेलिबेटी बचेविखनको अपराधलाई कठोरतम् सजायको व्यवस्था गर्ने, लैङ्गिक हिंसालाई दण्डनीय बनाई कानूनको दायरामा ल्याउने, समाजमा विद्यमान छाउपडि, बोक्सी, देउकी, झुमा, कमलरी, बादी, बहुपति, बहुविवाह जस्ता कुप्रथालाई दण्डनीय बनाउने,

- एकल, अपाङ्गता भएका, अल्पसंख्यक तथा निकृष्ट पेशामा संलग्न हुन बाध्य बनाइएका बादी समुदाय लगायतका महिलालाई सकारात्मक विभेदको माध्यमबाट विशेष संरक्षणको व्यवस्था गर्ने नीति हुने ।
- महिलाहरुलाई स्वतन्त्र रुपमा काम गर्ने वातावरण सिर्जना गर्न शिशुस्यहार केन्द्र, बालबालिका विकास केन्द्र, बालबालिका संरक्षण निकाय लगायतका आवश्यक संरचनाको स्थापना गर्ने नीति हुने ।

## ३. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति

- राज्य व्यवस्थामा जातजाति, आादिवासी, जनजाति, धार्मिक, साँस्कृतिक वा पछाडि पारिएका वा एक्लिएका वा अल्पसंख्यक वा सीमान्कृत वा लैङ्गिक वा अपाङ्गताका आधारमा समानुपातिक र समावेशी रुपमा सहभागि गर्ने व्यवस्था गर्ने ।
- जेष्ठनागरिकहरुलाई हेरचाह, आवास तथा भत्ताको व्यवस्था गर्ने ।
- एकल महिलालाई सकारात्मक विभेदको माध्यमबाट रोजगारी, भत्ता, सुविधाहरु लगाययतका संरक्षणको विशेष व्यवस्था गर्ने ।
- प्रथागत रुपमा निकृष्ट पेशामा संलग्न हुन बाध्य बनाइएका बादी समुदाय लगायतका अल्पसंख्यक महिलालाई सकारात्मक विभेदको माध्यमबाट विशेष संरक्षणको व्यवस्था गर्ने ।

## ४. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

- संघीय राज्य निर्माण गर्दा लैङ्गिक हितलाई ध्यान दिने तथा यस्तो संघीय राज्यद्वारा बनाइने कानूनहरु महिलामैत्री हुने कुराको सुनिश्चितता गर्ने ।
- प्रान्तीय राज्यले आफ्नो क्षेत्राधिकार भित्र कानून निर्माण गर्दा प्रथागत र धार्मिक कानुनको आधारमा गर्नसक्ने विभेदलाई संविधानतः निषेध गर्ने ।
- संघीय तथा प्रान्तीय राज्यले आफ्ना हरेक नीति र कार्ययोजनामा लैङ्गिक मूलप्रवाहिकरणलाई जोड दिनुपर्ने व्यवस्था गर्ने ।
- प्रान्तीय राज्यले आफ्ना सबै निकाय तथा अंगहरुमा महिलालाई समानुपातिक आधारमा ५० प्रतिशत सहभागिताको सुनिश्चित गर्नुपर्ने ।
- संघीय, प्रान्तीय वा स्थानीय तहको राष्ट्र र सरकार प्रमूख वा उपप्रमूख मध्ये एकजना महिला हुने व्यवस्था गर्ने ।

## ५. व्यवस्थापीकीय अंगको स्वरुप निर्धारण समिति

- सारभूत समानताको सिद्धान्त बमोजिम महिलाहरुलाई राष्ट्रिय जीवनको विभिन्न क्षेत्रमा समान अवसरको सुनिश्चितता प्रदान गर्ने ।
- संघीय विधायिका तथा विभिन्न संघीय इकाइमा विधायिकाको गठनमा लैङ्गिक रुपमा समानुपातिक समावशी सहभागिताको सुनिश्चित गर्ने ।
- संघीय तथा प्रान्तीय विधायिकामा सभामुख वा उपसभामुख र अध्यक्ष वा उपाध्यक्ष पालैपालो अनिवार्य रुपमा एकजना महिला हुने व्यवस्था गर्ने ।

## ६. राज्यको शासकीय स्वरुप निर्धारण समिति

- राज्यको कार्यकारिणी, सरकारी सेवा, सेना, प्रहरी र अन्य रोजगारी लगायत हरेक संस्थागत संरचनाभित्र महिला र पुरुष दुवैलाई नीति निर्माण तथा निर्णय तहमा समान अधिकार र

पहुँच हुने गरी ५० प्रतिशत महिलाको सहभागितालाई सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने ।

- हरेक राजनैतिक दलले आफ्नो दलको स्थानीयदेखि केन्द्रसम्मको दलीय संरचनामा समानुपातिक रुपमा महिलालाई स्थान दिनुपर्ने व्यवस्था सहितको प्रजातान्त्रिक एवं उत्तरदायी राजनैतिक दलको संवैधानिक व्यवस्था गर्ने ।
- राजनैतिक दलले आफ्नो दलको केन्द्रीय पदाधिकारी लगायत सम्पूर्ण सदस्यको ५० प्रतिशत स्थानमा महिलालाई स्थान दिनुपर्ने व्यवस्था गरेपछि मात्र दल दर्ता हुने व्यवस्था गर्ने ।
- मिश्रित निर्वाचन प्रणालीको (प्रत्यक्ष तथा समानुपातिक) अवलम्बन गर्ने र संघीय, प्रान्तीय तथा स्थानीय सबै तहमा हुने निर्वाचनमा महिलाहरुको लागि समानुपातिक आधारमा ५० प्रतिशत स्थान सुनिश्चित गर्ने ।
- दल लैङ्गिक सम्बेदनशील हुनुपर्ने ।

## ७. न्याय-प्रणाली सम्बन्धी समिति

- लैङ्गिक न्यायको सुनिश्चितता गर्नुपर्ने ।
- न्यायप्रणालीको क्षेत्रमा समानुपातिक समावेशी लैङ्गिक सन्तुलनको लक्षमा पुग्न दीर्घकालीन योजना लागू गर्ने ।
- सबै तहका अदालतमा न्यायाधीशहरुको नियुक्तिमा लिङ्गीय समानता हुनुपर्ने ।
- न्यायमा सहज पहुँचका लागि पारिवारिक अदालत लगायतका आवश्यक संरचनाको स्थापनाको प्रत्याभूति गर्ने ।
- घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार, लैङ्गिक हिंसा तथा बेचविखन जस्ता महिलाविरुद्धका अपराधहरुको सुनुवालाई प्रभावकारी बनाउन कानूनमा बन्द इजलास/बाल इजलास सहितको विशेष व्यवस्था गर्ने ।
- वैकल्पिक विवादको समाधानको प्रक्रियाहरुलाई स्थानीय स्तरमा व्यवस्थापन गर्नुपर्ने ।

## ८. संवैधानिक निकायको संरचना निर्धारण समिति

- सबै प्रकारका संवैधानिक आयोग वा निकायको गठनमा महिलाको ५० प्रतिशत प्रतिनिधित्वालाई सुनिश्चित गर्ने ।
- आयोगको गठनमा पारदर्शिता र सम्बन्धित विषयको विज्ञ तथा तटस्थ व्यक्तिलाई तटस्थ तरिकाले नियुक्ति गर्ने प्रक्रिया अवलम्बन गर्नु पर्ने ।
- महिला आयेगलाई संवैधानिक आयोग बनाई लैङ्गिक असमानता तथा लैङ्गिक रुपमा हुने सबै प्रकारका विभेद तथा हिंसालाई निर्मूल गर्ने सक्षम संरचनाको रुपमा अधिकारसम्पन्न गर्ने ।
- महिला आयोगको सबै पदाधिकारीमा सबै जातजाति, वर्ग, क्षेत्रको आधारमा महिलालाई नियुक्त गर्ने व्यवस्था गर्ने ।

## ९. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति

- जल, जंगल, जमिन लगायतका राज्यमा उपलब्ध प्राकृतिक स्रोत साधनमा महिलाको पहुँचलाई सुनिश्चित गर्ने ।

- प्राकृतिक स्रोत-साधनको राज्यले उपयोग गर्दा त्यसबाट लैङ्गिक रुपमा पर्नसक्ने प्रभावको विशेष ध्यान दिई त्यसको उपचार वा वैकल्पिक व्यवस्था गर्न राज्य उत्तरदायी हुने व्यवस्था गर्ने ।
- घरेलु श्रमको आर्थिक मुल्यांकन गर्ने सम्बन्धमा कानून बनाउन संवैधानिक व्यवस्था गर्ने ।

**१०.साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति**

- समाजमा विद्यमान रहेका तथा लैङ्गिक रुपमा हुनसक्ने सबै प्रकारका हिंसाको अन्त्य गरी सुरक्षाको पूर्ण प्रत्याभूतिको सुनिश्चितता गर्ने ।
- समाजमा विद्यमान छाउपडि, बोक्सी, देउकी, झुमा, बहुविवाह, बहुपति, बादी, दाइजो लगायतका निकृष्ट एवम् सबै प्रकारका कुप्रथा तथा व्यवहारलाई कानूनद्वारा दण्डनीय बनाउने व्यवस्था गर्ने ।
- समाजमा महिला र पुरुषबीच समान प्रतिष्ठा र मर्यादा सुनिश्चित गर्ने ।
- विभेदमा पारिएका वा सीमान्तकृत तथा एकल वा विधवा महिलाको लागि राज्यले सकारात्मक विभेदको आधारमा विशेष व्यवस्था गर्ने ।

**११. राष्ट्रिय हितको संरक्षण समिति**

- राष्ट्रिय अखण्डता, सार्वभौमिता र राष्ट्रिय सीमा सुरक्षाको प्रत्याभूति गर्नु पर्ने ।
- राष्ट्रिय हितको पहिचान गर्दा लैङ्गिक हितका विषयलाई महत्व दिने ।
- राज्यले अन्तराष्ट्रिय संबन्ध कायम गर्दा वा सन्धि-सम्झौता गर्दा लैङ्गिक हितलाई उच्च प्राथमिकता दिने कुराको संवैधानिक सुनिश्चितता गर्ने ।
- विदेशमा काम गर्न गएका वा जाने महिलाको हितको लागि राज्यकोतर्फबाट विशेष सुरक्षा र सहुलिहतको व्यवस्था गर्ने ।
- अन्तर्राष्ट्रिय महासन्धिको मान्यता राष्ट्रिय कानुन सरह हुनुपर्ने ।